नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
# आन्तरिक राजस्व कार्यालय
भरतपुर, चितवन

प्रमुख : ०५६५२०१०६
०५६५३०४८०
एक्सचेन्ज ०५६५२३५५८
०५६५२०११६
फ्याक्स : ०५६५२०१०६
Website: www.ird.gov.np
E-mail: iro19@ird.gov.np

मिति: २०७६।०४।१३

## प्रेस विज्ञप्ति ।

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत अन्त:शुल्क तर्फ दर्ता भएका करदाता श्री गोर्खा ब्रुअरी प्रा.लि.( स्था.ले.नं. ३०००१०२०८) ले आ.व. २०७३।०७४ र २०७४।७५ को अन्त:शुल्क नियमावली, २०५९ को नियम २३क बमोजिम तोकिएको प्रतिशतभन्दा बढी परिमाण मौज्दात कमी (जर्ति) दावि गरेको पाइएकोले यस कार्यालयबाट मिति २०७६।०२।०९ मा प्रारम्भिक अन्त:शुल्क निर्धारण आदेश जारी गरी करदाताका प्रतिनिधिलाई मिति २०७६।०२।०९ मा बुझाइएकोमा करदाताले उक्त आदेश उपर मिति २०७६।०२।१९ मा सम्मानित उच्च अदालत पोखरामा रीट निवेदन दर्ता गरेका, सम्मानित उच्च अदालत पोखराबाट अन्त:शुल्क निर्धारण नगर्न, नगराउन, असुल नगर्न भनी मिति २०७६।०३।११ मा अन्तरिम आदेश जारी भएको थियो ।

उक्त आदेश विरूद्ध क्षेत्राधिकारको विषय उठान गरी यस कार्यालयले सम्मानित सर्वोच्च अदालतमा उच्च अदालत पोखरबाट जारी भएको अन्तरिम आदेश खारेजीको माग सहित मिति २०७६।०४।०७ मा रीट निवेदन दिएको र सो निवेदन उपर मिति २०७६।०४।०८ मा सम्मानित सर्वोच्च अदालतबाट सम्मानित उच्च अदालत पोखराले मिति २०७६।०३।११ मा जारी गरेको अन्तरिम आदेश कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी भएकोले करदातले मिति २०७६।०२।२४ मा यस कार्यालयमा पेश गरेको लिखित जवाफ समेतलाई मध्यनजर गरी यस कार्यालयबाट मिति २०७६।०४।१० मा भएको निर्णयानुसार आ.व. २०७३।०७४ का लागि रू.५३,२१,५७,६१५।०० तथा आ.व. २०७४।०७५ का लागि रू.३३,९३,३९,९६३।०० (अन्त:शुल्क, जरिवाना र विलम्ब शुल्क समेत) सात दिनभित्र दाखिला गर्नुहुन भनी अन्त:शुल्क ऐन, २०५८ को दफा १०घ तथा नियमावली, २०५९ को नियम ६क बमोजिमको अन्तिम अन्त:शुल्क निर्धारण आदेश जारी गरिएको र उक्त आदेश करदाताका प्रतिनिधिलाई मिति २०७६।०४।१२ मा बुझाइएको व्यहोरा यसै विज्ञप्ति मार्फत सार्वजनिक गरिएको छ ।